नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

**Provincial and Local Governance Support Program (PLGSP)**

कार्यशर्त विवरण (Terms of Reference)

स्थानीय तहहरुको दीगो ऋण व्यवस्थापनको प्रारुप तयार गर्ने

(Develop Sustainable Debt Framework to Local Governments)

१. परिचय

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) नेपाल सरकारको प्रमुख राष्ट्रिय कार्यक्रम हो । यो कार्यक्रम सङ्घ, प्रदेश तथा स्थानीय सरकारको संस्थागत, सङ्गठनात्मक र व्यक्तिगत क्षमता निर्माणमा बढी केन्द्रित छ । प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) यसको अवधारणामा एक नितान्त नवीनतम कार्यक्रम हो । प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) ले छाता कार्यक्रमका रूपमा प्रदेश तथा स्थानीय तहमा सुशासन सम्बन्धी कार्यक्रमहरूमा समन्वय र सहकार्यको लागि साझा संरचना (Framework) प्रदान गर्दछ । यसको साथै अन्य विकास साझेदारहरुबाट प्राप्त अनुदान कार्यक्रमहरूको समायोजन गर्दछ ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) संङ्घीयताको संस्थागत विकासको निमित्त सञ्चालित नवीनतम कार्यक्रम हो । यस कार्यक्रमले मूलतः अन्तरसरकारी समन्वय, स्थानीय सरकार सन्चालन प्रणाली, संस्थागत क्षमता, नेतृत्वको सशक्तिकरण र स्थानीय सहभागिता र उत्तरदायित्वका लागि प्रणाली विकास (System Development) जस्ता क्षेत्रहरूलाइ समेटेको छ ।

स्थानीय तहहरूलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र नेपालको संविधानले राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सीमामा रही पूँजिगत कार्यका लागि नगर विकास कोष तथा नेपाल सरकारबाट ऋण लिन सक्ने व्यवस्था गरेको छ । हाल स्थानीय तहहरूले नगर विकास कोषबाट आन्तरिक ऋणको परिचालन गर्दै आएका छन् । आन्तरिक आय बढी भएका नगरपालिकाहरूले वित्तिय तथा पूँजि बजारमा गई ऋण परिचालन गर्ने सम्भावना रहेको छ । स्थानीय ऋण स्थानीय विकासको लागि उपयोगी हुने तर यसको लाभ प्रदान गर्ने योजनामा लगानी नभएमा यो जोखिमपूर्ण पनि हुन सक्छ । चालू आर्थिक बर्षमा स्थानीय तहहरूको ऋण क्षमताको अध्ययन, वित्तिय ऋणमा पहुँच र ऋण परिचालनको सम्भाव्यताको बारेमा अध्ययन गरी दीगो ऋण व्यवस्थापनको प्रारूप तयारी गर्ने कार्यक्रम भएकोले यो कार्य शर्त विवरण (ToR) तयार गरिएको छ ।

## २. उद्देश्य

स्थानीय तहहरूको दीगो ऋण व्यवस्थापनको प्रारूप तयार गर्नु ।

## ३. औचित्य

दीगो स्थानीय विकासको निमित्त बैकल्पिक पूँजिको परिचालन गर्न स्थानीय तहलाई दीगो ऋण व्यवस्थापनको प्रारुपको आवश्यकता रहेको छ । यस कार्यक्रमबाट स्थानीय तहको हालको ऋणको अवस्थाको बारेमा जानकारी लिन, वित्त तथा पूँजिगत बजारमा गई ऋण परिचालन सम्भाव्यताको खोजी गर्न, ऋण क्षमताको विश्लेषण गर्न, ऋणबाट काम गर्नसक्ने सम्भाव्य परियोजनाको पहिचान तथा विश्लेषण गर्न तथा दीगो ऋण व्यवस्थापको प्रारूप तयार गर्न सहयोग हुनेछ ।

## ४. अपेक्षित उपलब्धी

यस कार्यशर्त बमोजिम स्थानीय तहहरूको दीगो ऋण व्यवस्थापनको प्रारूप तयार भएको हुनेछ ।

## ५. प्रतिवेदनको भाषा

प्रारूपको दस्तावेज नेपाली भाषामा हुनेछ र यसलाई परामर्शदाताले भाषाविज्ञबाट भाषाको सम्पादन गर्नुपर्नेछ ।

## ६. परामर्शदाताले गर्नुपर्ने क्रियाकलापहरू

- स्थानीय तहको ऋण सम्बन्धमा भएका कानून तथा नीतिहरूको लेखाजोखा गर्ने ।
- स्थानीय तहको ऋण अभ्यासको बारेमा लेखाजोखा गर्ने ।
- स्थानीय ऋण सम्बन्धमा भएका अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन गर्ने ।
- स्थानीय तहहरूको ऋण आवश्यकता र क्षमताको विश्लेषण गर्ने ।
- स्थानीय तहहरूको ऋण क्षमता विश्लेषण गर्ने विधिहरूको विकास गर्ने ।
- स्थानीय ऋण परिचालन गर्न सक्ने सम्भाव्य परियोजनाहरूको विश्लेषण सहित सूचि तयार गर्ने ।
- स्थानीय ऋण परिचालनबाट कार्यान्वयन गरिने सम्भावित परियोजनाहरूको लाभ लागत विश्लेषणको विधि तयार गर्ने ।
- स्थानीय ऋण परिचालनमा हुनसक्ने सम्भावित जोखिम पहिचान गरी जोखिम विश्लेषण गर्ने ।

- वित्तिय तथा पूँजि बजारमा गई ऋण परिचालनको सम्भाव्यता अध्ययन गरी सुझाव प्रस्तुत गर्ने र यसको लागत समेत लेखाजोखा गर्ने ।
- स्थानीय तहको credit rating सम्बन्धी लेखाजोखा गरी यसको विधिको विकास गर्ने ।
- स्थानीय तहले नेपाल सरकारबाट लिनसक्ने ऋणको सम्भाव्यताको लेखाजोखा गरी सुझाव प्रस्तुत गर्ने ।
- उपर्युक्त तथा अन्य विषयहरूलाई समेटी स्थानीय तहको दीगो ऋण व्यवस्थापनको खाका तयार गर्ने ।
- तयार गरेको खाकालाई कम्तिमा १ महानगर सहित २ वटा स्थानीय तहहरूमा प्रमाणिकरण (Validation) गर्ने ।
- तयार गरिएको खाकाको मस्यौदा सम्बन्धमा सरोकारवाला निकायहरू जस्तैः राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, नगर विकास कोष, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, नेपाल राष्ट्र बैंक, स्थानीय तह आदिसंग छलफल गर्ने ।
- मस्यौदालाई मन्त्रालयमा प्रस्तुत गरी प्राप्त सुझावको आधारमा अन्तिम मस्यौदा तयार गर्ने ।

## ७. आवश्यक जनशक्ति र अनुभवः

| परामर्शदाताको जनशक्ति | अनुभव |
|---|---|
| संयोजक १ | • मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर गरी सार्वजनिक ऋण व्यवस्थापनको क्षेत्रमा अर्थ मन्त्रालय वा महालेखा नियन्त्रकको कार्यालय, नगर विकास कोष वा नेपाल राष्ट्र बैंकमा रही काम गरेको र सार्वजनिक ऋण सम्बन्धी कार्यमा कम्तिमा ७ वर्षको अनुभव प्राप्त गरेको व्यक्ति । |
| सदस्य १ | • मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा बाणिज्य वा अर्थशास्त्र विषयमा स्नातकोत्तर गरेको, सार्वजनिक ऋण सम्बन्धी विषयमा यससम्बन्धमा अध्ययन वा अध्यापन गराएको र सम्बन्धित क्षेत्रमा कम्तिमा ५ वर्षको अनुभव प्राप्त गरेको व्यक्ति । |
| सहयोगी १ | • नेपाली भाषा राम्रो टाईप गर्न जान्ने व्यक्ति । |

## ८. बजेट

यसको बजेट सम्पूर्ण कर सहित रू. ५,००,०००।- (पाँच लाख) रहेको छ ।

## ९.समयसीमा र उपलब्धिः

देहाय बमोजिम निर्धारीत कार्यतालिका अनुसार तिन महिनाको अवधिमा कार्यसम्पादन गर्नु पर्ने छ ।

| सि.नं. | कार्यविवरण | समय सीमा | जिम्मेवारी | उपलब्धि |
|---|---|---|---|---|
| १ | परामर्शदाता बाट प्रारम्भिक कार्ययोजना प्राप्त गर्ने । | काम शुरू भएको दुई हप्ताभित्र | परामर्शदाता, | प्रारम्भिक कार्ययोजना प्राप्त हुने। |
| २ | मन्त्रालयमा छलफल | काम शुरू भएको तीन हप्ताभित्र | परामर्शदाता, का.स.ई | पृष्ठपोषण प्राप्त भएको हुने। |
| ३ | मस्यौदा दिगो ऋण व्यवस्थापनको प्रारुप तयार हुने। | काम शुरू भएको सात हप्ताभित्र | परामर्शदाता, | प्रारम्भिक मस्यौदा प्राप्त । |
| ४ | दिगो ऋण व्यवस्थापनको मस्यौदा प्रारुपमा सरोकारवाला बीच छलफल गर्ने । | काम शुरू भएको आठ हप्ताभित्र | परामर्शदाता, का.स.ई | सरोकारवाला बाट पृष्ठपोषण प्राप्त भएको हुने। |
| ५ | परामर्शदाताबाट मसौदाको परिमार्जन गरी पहीलो संस्करण प्राप्ती | काम शुरू भएको नौ हप्ताभित्र | परामर्शदाता, का.स.ई | पहिलो मस्यौदा तयार गरी प्राप्त हुने। |
| ६ | प्रारुपको पहिलो संस्करणमा मन्त्रालयमा छलफल | काम शुरू भएको दश हप्ताभित्र | परामर्शदाता, का.स.ई | पृष्ठपोषण प्राप्त भएको हुने । |
| ७ | कम्तिमा एक महानगर सहित दुईवटा स्थानीय तहहरुमा प्रमाणिकरण (Validation) गर्ने | काम शुरू भएको एघारौ हप्ताभित्र | | महानगर तथा स्थानीय तहहरुबाट मान्य हुने गरी पृष्ठपोषण प्राप्त हुने। |
| ८ | दिगो ऋण व्यवस्थापनको अन्तिम संस्करण प्राप्ती | काम शुरू भएको बाह्र हप्ताभित्र | परामर्शदाता, का.स.ई | दीगो ऋण व्यवस्थाको अन्तिम प्रारुप तयार हुने। |

**१०.भुक्तानी प्रक्रिया**

खरिद सम्झौता भएपछि निम्नानुसार भुक्तानी दिने ।

- संझौताअनुसार पहिलो मस्यौदा प्रतिवेदन पेश गरेपछि सम्झौता रकमको बढीमा ४० प्रतिशतसम्म रकम भुक्तानी गर्न सकिनेछ ।
- सामान्यतः कार्यसम्पन्न भएपछि संझौताअनुसारको एकमुष्ठ रकम भुक्तानी हुनेछ ।
- भुक्तानीमा नियमानुसार करकट्टी हुनेछ ।

**११. परामर्शदाता संस्थाले पेश गर्नुपर्ने दस्तावेजः**

१) चालू आ.व.को नविकरण गरेको पत्र ।

२) गत आ.व.सम्म कर चुक्ता गरेको प्रमाण पत्र ।

३) मूल्य अभिवृद्धि करको प्रमाणपत्र

४) संस्थाको कार्यालय रहेको प्रमाण (सम्बन्धित स्थानीय तहबाट गरिएको सिफारिस)